http://www.ird.gov.np

# कर बुलेटिन
Tax Bulletin

आन्तरिक राजस्व विभागको मासिक प्रकाशन

वर्ष ६, अङ्क १२, २०७५ चैत्र     Year 6, Issue 12, Mar.- Apr. 2019

## राजस्व संकलनमा २०.३५ प्रतिशतको वृद्धिदर

आर्थिक वर्ष २०७५/७६ को लागि विभागलाई रु.४०४ अर्व २२ करोडको लक्ष्य प्राप्त भएको छ। उक्त लक्ष्य मध्ये श्रावणदेखि चैत्र महिना सम्मको लागि रु.२८२ अर्व ९४ करोड लक्ष्य रहेकोमा रु.२६४ अर्व ९४ करोड संकलन भई लक्ष्यको तुलनामा ८७.२८ प्रतिशत संकलन भएको छ। यो संकलन गत आर्थिक वर्ष २०७४/७५ को यसै अवधिको संकलनको तुलनामा ४१ अर्व ७५ करोड अर्थात २०.३५ प्रतिशतले वढि हो।

शीर्षकगत रुपमा हेर्दा आयकर तर्फ १५९ अर्व ७४ करोड लक्ष्य रहेकोमा रु.१३५ अर्व ६४ करोड संकलनभइ लक्ष्यको तुलनामा ९४.९१ प्रतिशत संकलन भएको छ। मूल्य अभिवृद्धि करतर्फ रु.७१ अर्व १८ करोड लक्ष्यमा रु.५८ अर्व ३९ करोड अर्थात लक्ष्यको ८२.०४ प्रतिशत संकलन भएको छ। अन्त:शुल्कमा रु.५० अर्व २५करोड संकलन भएको छ जुन

बाँकी पृष्ठ ३ मा

## आन्तरिक राजस्व विभाग र आईक्यान बीच समझदारी



मुलुकभरका लेखापरीक्षकहरुको नियामक निकाय नेपाल चार्टर्ड एकाउण्टेन्ट्स संस्था र आन्तरिक राजस्व विभाग बीच लेखा परीक्षकसँग सम्बन्धित कार्य र सूचना तथा तथ्याङ्क आदानप्रदान गर्नका लागि आपसी समझदारी भएको छ।

विभागका महानिर्देशक विष्णुप्रसाद नेपाल र नेपाल चार्टड एकाउन्टेन्ट्स संस्था (आईक्यान) का अध्यक्ष जगन्नाथ उपाध्यायले २०७५ चैत्र १४ गते विभागको सभाहलमा आयोजित एक समारोहमा समझदारीपत्रमा हस्ताक्षर गर्नु भएको हो। उक्त समझदारीले आगामी दिनमा करदातालाई कारोबारको यथार्थ लेखाङ्कन गर्न सहयोग पुग्ने, अद्यावधिक तथा नविकरण भएका लेखा परीक्षकबाट करदाताको यथार्थपरक लेखा परीक्षण हुने

बाँकी पृष्ठ ३ मा....

### यसभित्र


वित्तीय सुचना आदान प्रदान सम्बन्धमा नेपाल राष्ट्र बैंकसँग छलफल। — पृष्ठ ४

करदाता शिक्षा सञ्चालन गर्ने सम्बन्धी समझदारी — पृष्ठ ८

कार्यालय परिचय आन्तरिक राजस्व कार्यालय, बागलुङ — पृष्ठ ९

# महानिर्देशकको सन्देश



**कारोबारको पारदर्शीता, यथार्थता एवं वास्तविकता करारोपणको पहिलो आधारभूत शर्त हो। यसका लागि रोजगारदाता, उद्योगी, व्यवसायी, लगानीकर्ताले प्राप्त गर्ने भुक्तानी तथा लगानीको जानकारी कर प्रणालीले स्वचालित रूपमा प्राप्त गर्नु पर्छ । यसका लागि कर प्रणाली र बैंकिङ्ग प्रणालीका बीच सूचना आदानप्रदान गर्न विभागले नेपाल राष्ट्र बैंक लगायत सरोकारवाला संस्थाहरूसँग छलफल तथा निर्णय गरी सहकार्य शुरू गरिएको छ।**

कुनै पनि मुलुकको अर्थतन्त्रलाई चलायमान बनाउनका लागि आवश्यक पर्ने आन्तरिक श्रोतको प्रभावकारी परिचालनका लागि सरल एवं स्पष्ट कर कानून तर्जुमा र सोको प्रभावकारी कार्यान्वयन, करदाताको इमान्दारिता, सचेतना तथा जागरुकता र कर प्रशासनमा व्यवसायिकता, सदाचारिता, अनुशासन आवश्यक तत्वहरु हुन । हामी चालु आर्थिक वर्षको राजस्व नीति तथा कार्यक्रम र कानून कार्यान्वयनको समीक्षा गर्ने र आगामी वर्षको राजस्व नीति तथा कार्यक्रमको तर्जुमा एवं प्रशासनिक सुधारका थप कार्य गर्ने संघारमा छौं । यस परिस्थितिमा म आगामी वर्षमा राजस्व नीति तथा कानूनमा गर्नुपर्ने सुधार र परिवर्तनको विषयमा उपयुक्त सल्लाह र सुझाव उपलब्ध गराइ दिनका लागि सरोकारवाला सबैमा अनुरोध गर्दछु ।

अर्कोतर्फ, हामीलाई चालू आर्थिक वर्षको राजस्व संकलनको लक्ष्य पूरा गर्नका लागि सबै आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याई करारोपण गर्ने, कर संकलन गर्ने गराउने, बेरुजु फर्छ्यौट गर्ने, बक्यौता असुली, बजार अनुगमन गर्ने, नन् फाइलर घटाउने र तथ्य सूचनाका आधारमा कर परीक्षण तथा अनुसन्धान गर्ने जस्ता कार्यलाई उच्च प्राथमिकतामा राखि कार्य सम्पादन गर्नु जरुरी छ । करदाताको सही र वास्तविक सूचना तथा तथ्यांकमा पहुंच कायम गर्न सके मात्र कर प्रशासनको सक्षमता कायम भै सम्पादित काम कारवाहीमा गुणात्मकता अभिबृद्धि हुने भएकोले सोका लागि हामीले आर्थिक कारोबारको यथार्थ घोषणा गर्ने गराउने कार्यमा कर लेखा परीक्षकलाई जिम्मेवार एवं व्यवसायिक बनाई उनीहरुसँग प्राप्त सूचना आदान प्रदान गर्नका लागि लेखा परीक्षकहरुको नियामक निकाय नेपाल चार्टड एकाउन्टेन्टस संस्था (आइक्यान) संग समझदारी कायम गरेका छौं । लेखा परीक्षक र कर प्रशासन बीचको संयुक्त प्रयासबाट नै यथार्थपरक करारोपणको उद्देश्य पुरा हुने भएकाले यो समझदारीको पालना सबै पक्षबाट हुनेछ भन्ने मैले अपेक्षा लिएको छु । साथै लेखा परीक्षणलाई गुणस्तरीय बनाउन नेपाल लेखा परीक्षण बोर्डको समन्वयमा देशका सातवटै प्रदेशमा कर लेखा परीक्षणमा संलग्न परीक्षकहरुलाई अभिमुखिकरण गर्ने कार्यको शुरुवात गरिएको छ । यसबाट लेखा परीक्षकहरु बढीभन्दा बढी जानकार, व्यवसायिक भई लेखापालन, लेखापरीक्षणमा गुणस्तरीयता एवं पारदर्शीता आउने र यसले यथार्थ करारोपणमा सघाउ पुऱ्याउने विश्वास लिईएको छ । करदाताहरुबाट समेत व्यावसायिक र पेशागत मर्यादा कायम गरी यथार्थ कारोबार गर्ने र तोकिएको समय, ढाँचा र स्थानमा आफूले तिर्नुपर्ने करको निर्धारण गरी कर एवं विवरण दाखिला गरी यथार्थपरक कर सहभागिता (Tax Compliance) हुने अपेक्षा लिइएको छ ।

कारोबारको पारदर्शीता, यथार्थता एवं वास्तविकता करारोपणको पहिलो आधार भूत शर्त हो ।यसका लागि रोजगारदाता, उद्योगी, व्यवसायी, लगानीकर्ताले प्राप्त गर्ने भुक्तानी तथा लगानीको जानकारी कर प्रणालीले स्वचालित रुपमा प्राप्त गर्नु पर्छ । यसका लागि कर प्रणाली र बैंकिङ्ग प्रणालीका बीच सूचना आदानप्रदान गर्न विभागले नेपाल राष्ट्र बैंक लगायत सरोकारवाला संस्थाहरुसँग छलफल तथा निर्णय गरी सहकार्य शुरु गरिएको छ ।साथै सार्वजनिक क्षेत्रको भुक्तानीको सूचनालाई कर प्रणालीमा आबद्ध गर्न महालेखा नियन्त्रक कार्यालयसँग छलफल भईरहेको छ ।

यिनै परिवेशमा रहेर विश्लेषण गर्ने हो भने राजस्व प्रशासनले करदाताका सूचनामा पहुंच कायम गर्नका लागि प्रविधिको विस्तार तथा अन्तर निकाय समन्वय समेतलाई बढावा दिदै आएको छ। तसर्थ अबका दिनमा करदाताहरुले पनि कर प्रशासन सुदृढीकरणमा आ-आफ्नो क्षेत्रबाट आवश्यक रचनात्मक सुझाव सहित व्यावसायिक इमान्दारिता र मर्यादामा रही पारदर्शी ढंगले आर्थिक क्रियाकलाप संचालन गरी सोको सहि एवं यथार्थ प्रतिवेदन गर्ने कार्यको थालनी गर्न म आम करदाताहरुलाई आव्हान गर्दछु ।

अन्त्यमा, कर परिवारका सदस्यहरुलाई अत्यन्त लगनशील भै आफ्नो कार्य क्षेत्रमा लाग्न र यस वर्ष राजस्व प्रशासनले लिएका नीति, कार्ययोजना पूरा गर्ने तर्फ सक्रिय रहन र समग्र करदाताहरुलाई इमान्दारिता र पारदर्शिता कायम गरी तिर्नुपर्ने करलाई समयमा नै भुक्तानी गर्न आग्रह गर्दछु ।

धन्यवाद !!

**विष्णुप्रसाद नेपाल**
**महानिर्देशक**
**२०७५, चैत्र**

# आन्तरिक राजस्व विभाग....

र सो बाट कर प्रशासनलाई कर परिक्षण गर्न सहज हुनुका साथै सही करारोपण भई पारदर्शी अर्थतन्त्र निर्माणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ। साथै लेखा परीक्षणमा संलग्न रहने लेखा परीक्षकले करदाताहरुको सही र वास्तविक कारोबारको घोषणा गर्न लगाई यथार्थ चित्रण सहितको वित्तीय विवरणलाई मात्र प्रमाणित गर्न लेखा परीक्षकलाई जिम्मेवार बनाउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिइएको छ।

# राजस्व संकलनमा ...

रु. ५१ अर्व ३९ करोड लक्ष्यको ९७.७७ प्रतिशत हुन आउँछ। त्यसैगरी शिक्षासेवा शुल्कको रु.६१ करोड लक्ष्यमा रु.८७ करोड संकलन भई लक्ष्यको तुलनामा १४०.७१ प्रतिशत संकलन भएको छ।

रु.हजारमा

| शीर्षक | गत वर्षको यस अवधि सम्मको प्रगति | २०७५/०७६ चैत्र सम्मको | | | |
|---|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | प्रगति प्रतिशत | वृद्धि प्रतिशत |
| आयकर | ९६९४३४४६ | १४७०३७४६८ | ११०३४९७५० | १८.१७ | २३.११ |
| वहाल कर | ३३३१८८६ | ० | २३३०१७३ | | ३०.०६ |
| ब्याज कर | १०६०१६३८ | १२७०७२९३ | १३९६५०९४ | १०९.९० | ३१.७३ |
| जम्मा आयकर | ११०८७६९७० | १५९७५५७६१ | १३५६४५०१७ | ८४.९१ | २२.३४ |
| मुल्य अभिवृद्धि कर | ५२७६६६८६ | ७११८६६३५ | ५८३९८११८ | ८२.०४ | १०.६७ |
| अन्तः शुल्क | ३९८५३१९६ | ५१३९५९३१ | ५०२५१०३४ | ९७.७७ | २६.०९ |
| स्वास्थ सेवा कर | ९७६०४० | ० | १७७७७७० | | ८२.१४ |
| शिक्षा सेवा शुल्क | ७१८५५२ | ६१९१२६ | ८७११६१ | १४०.७१ | २१.२४ |
| जम्मा | २०५१९१४४४ | २८२९४६४५३ | २४६९४३१०० | ८७.२८ | २०.३५ |

## सूचना

यस विभागको च.नं.२११ मिति २०७५/१०/१० को पत्रवाट रु.३५ करोड भन्दा वढी कारोवार गर्ने करदाताहरुले २०७५ चैत्र मसान्तसम्म अनिवार्य रुपमा विद्युतीय माध्यमवाट विजक जारी गर्ने व्यवस्था मिलाउनु भनिएकोमा सो समयाबधी २०७६ असार मसान्तसम्म तोकिएको छ। साथै सोही पत्रमा उल्लेख भएको विद्युतीय वीजक सम्वन्धी कार्यविधि, २०७४ जारी हुनु अघि कम्प्युटर माध्यमवाट वीजक जारी गर्न स्वीकृति लिएका व्यक्तिहरुले समेत विभागले सूचना जारी गरी तोकेको मिति भित्र विद्युतीय वीजक सम्वन्धी कार्यविधि, २०७४ वमोजिमका मापदण्डहरु पूरा गरी पुनः अनुमति लिनुपर्ने समयावधि २०७६ असार मसान्त भित्र तोकिएकोले सो अवधि भित्र विभागको CBMS संग आवद्ध हुने गरी Software अध्यावधिक गरी विभागमा सुचिकृत गरी सक्नु हुन मिति २०७५/१२/२९ को निर्णयानुसार अनुरोध छ।

# वित्तीय सुचना आदान प्रदान सम्बन्धमा नेपाल राष्ट्र बैंकसँग छलफल

वित्तीय पारदर्शिताका लागि वित्तीय विवरणको सूचना आदान प्रदान गर्ने सम्बन्धमा आन्तरिक राजस्व विभाग र सरोकारवाला निकायहरुबीच मिति २०७५।१२।०५ गते छलफल कार्यक्रम सम्पन्न भएको छ।उक्त कार्यक्रममा नेपाल राष्ट्र बैक, नेपाल बैकर्स एशोसिएन र नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाका पदाधिकारीहरुको सहभागिता रहेको थियो । वित्तीय पारदर्शिताका लागि व्यवसायीहरुले कर प्रशासनमा पेश गरेको वित्तीय विवरण र बैंक तथा बित्तीय संस्थामा पेश गरेको वित्तीय विवरणका सूचना आदान प्रदान गर्न स्वचालित प्रणालीको विकास गर्ने लगायतका बुँदामा छलफल भएको छ ।

यसका लागि आन्तरिक राजस्व विभागले एकिकृत कर प्रणालीमा करदाताको पोर्टलमा रहने गरी बैंक तथा वित्तीय संस्थामा ऋण लिन पेश गरिने मुख्य मुख्य सूचनाहरु समेटेर फिल्ड तयार गर्ने र करदाताले बैंक तथा वित्तीय संस्थामा ऋण माग गर्दा उक्त विवरण प्रणालीमा प्रविष्ट गर्नुपर्ने व्यवस्था मिलाउने गरि तय गरिएको छ ।

त्यसैगरी बैंक तथा बित्तीय संस्थाले उक्त फिल्डमा स्वीकृत रकम उल्लेख गर्ने गरी प्रणालीको विकास गर्ने र पहिलो चरणमा रु. पचास लाख वा सो भन्दा बढीको ऋण लिने ऋणीका सम्वन्धमा यो व्यवस्था अनिबार्य रुपमा लागू गरिनुपर्ने । साथै ऋण स्वीकृत गर्दा अनिवार्य रुपमा ऋण माग गर्ने करदाताले आन्तरिक राजस्व विभागको उक्त पोर्टलमा रहेको वित्तीय सूचना सम्वन्धी विवरण अनिबार्य रुपले पेश गर्नुपर्ने गरी नेपाल राष्ट्र बैंकले सबै बैंक तथा बित्तीय संस्थाहरुलाई निर्देशन जारी गर्ने समेत सहमति भएको छ । यस छलफलबाट गरिएको सहमतिले आगामी दिनमा एउटै करदाताले बैक वित्तीय संस्थामा पेश गर्ने विवरण र कर प्रशासनमा पेश गर्ने विवरणहरुमा एकरुपता आई सहि एवं यथार्थ करारोपणमा सहयोग पुग्ने विश्वास लिइएको छ ।

# करदाता शिक्षा सञ्चालनका लागि नेपाल उद्योग वाणिज्य महासंघसँग समझदारी




आन्तरिक राजस्व विभाग र नेपाल उद्योग वाणिज्य महासंघ बिच करदाता शिक्षा सञ्चालन गर्ने सम्बन्धी सम्झौता सम्पन्न भएको छ। कर सम्बन्धी विविध विषयवस्तुहरु करदातालाई सुसूचित गराउँदै कर सहभागिता अभिवृद्धि गर्ने उद्देश्यका साथ विभागका महानिर्देशक विष्णुप्रसाद नेपाल र महासंघका अध्यक्ष भवानी राणाले एक कार्यक्रमका बीच मिति

२०७५ चैत ५ गते उक्त समझदारीपत्रमा हस्ताक्षर गर्नुभएको हो ।

यसै क्रममा २०७५ चैत महिनामा काठमाडौंमा विभिन्न बस्तुगत संघहरुलाई समावेश गरी दुई वटा र नवलपरासीमा एक वटा तालिम सम्पन्न भएको छ। आन्तरिक राजस्व विभाग र नेपाल उद्योग बाणिज्य महासंघको आयोजना तथा स्थानीय उद्योग वाणिज्य संघको व्यवस्थापनमा तालिम सञ्चालन गरिएको हो। सम्बन्धित क्षेत्रका व्यवसायी तथा कम्पनीका कार्यरत लेखापालहरुलाई करको सैद्धान्तिक तथा आधारभुत जानकारीका साथै व्यवहारिक विषयमा जानकारी गराउने उद्देश्यले आयोजित कार्यक्रममा आयकर तथा मुल्य अभिबृद्धि करका व्यवस्थाहरुको बारेमा जानकारी गराइएको थियो ।

व्यवसायी र लेखापाल गरी काठमाडौंमा ८६ जना तथा नवलपरासीमा ८३ जना भन्दा बढीको सहभागिता रहेको सो तालिममा चार्टड एकाउण्टेण्टहरु ज्ञानेन्द्र बहादुर भारी र मुरलीधर तिवारीले सहजीकरण गरेका थिए ।

# लेखा परीक्षणमान सम्वन्धमा अभिमुखिकरण कार्यक्रम




आन्तरिक राजस्व कार्यालय, भक्तपुर र लेखा परीक्षणमान बोर्डको संयुक्त आयोजनामा हालै अद्यावधिक गरिएको Nepal Standards on Auditing 2018 लगायत Nepal Financial Reporting Standards -NFRS/ NFRS For SMEs बारे जानकारी दिने र नेपालको कर कानुन र कर परीक्षणमा लेखा परीक्षकहरुको भूमिका सम्बन्धमा जानकारी गराई सहभागीहरुलाई लेखा राख्ने, लेखाको प्रतिवेदन गर्ने र लेखापरीक्षण गर्ने कार्यलाई अझ प्रभावकारी वनाउने उद्देश्यले Nepal Standards on Auditing 2018 विषयक दुई दिने अभिमुखीकरण कार्यक्रम मिति २०७५ चैत्र २९ र ३० मा सम्पन्न भएको छ । कार्यक्रमको पहिलो दिन उद्घाटन कार्यक्रममा आन्तरिक राजस्व कार्यालय, भक्तपुरका प्रमुख कर अधिकृत श्री सूर्य प्रसाद पोखरेलले कार्यक्रमका सम्बन्धमा प्रकाश पार्नु भएको थियो भने लेखा परीक्षणमान बोर्डका अध्यक्ष श्री अनुप कुमार श्रेष्ठले कार्यक्रमको औचित्य बारे स्पष्ट पार्नु भएको थियो । उद्घाटन कार्यक्रम पश्चात श्रोत व्यक्तिहरुले आफ्नो प्रस्तुतीकरण मार्फत सहभागीहरुलाई सचेतना प्रदान गर्नु भएको थियो ।
कार्यक्रमको समापन समारोहमा आन्तरिक राजस्व विभागका महानिर्देशक विष्णुप्रसाद नेपालले कार्यक्रमलाई सम्बोधन गर्दै सहभागीहरुलाई आफूले कार्यक्रम अवधिमा सिकेका कुरालाई व्यवहारमा लागू गर्न र लेखापरीक्षकहरुलाई आफ्नो कार्यक्षेत्र नाघेर कार्य नगर्नका लागि आग्रह गर्नु भयो । कार्यक्रममा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका सदस्यहरु, पेशागत लेखा व्यवसायीहरु र आन्तरिक राजस्व कार्यालय, भक्तपुरका कर्मचारीहरु समेत गरी ७० जनाको सहभागिता रहेको थियो ।

# नर्वेको कर प्रशासन टोली र आन्तरिक राजस्व विभाग बीच प्राविधिक सहयोग आदान प्रदान गर्ने सम्वन्धमा दोस्रो चरणको छलफल



नर्वे सरकारको Norwegian Tax Administration (NTA) र Norwegian Agency for Development Cooperation (NORAD) ले विकासशील राष्ट्रहरुलाई सहायता उपलब्ध गराउने आर्थिक सहायताको अवधारणा अनुरुप नेपालको आन्तरिक राजस्व प्रशासनको क्षमता अभिवृद्धिका लागि राजस्व प्रशासनसँग सम्बन्धित विभिन्न क्षेत्रहरुमा प्रविधिक सहायता उपलब्ध गराउने सम्बन्धमा दोस्रो चरणको द्विपक्षीय छलफल सम्पन्न भएको छ ।

नर्वेको कर प्रशासनले नेपालको आन्तरिक राजस्व प्रशासनलाई उपलब्ध गराउने प्रविधिक सहायताका क्षेत्रहरु पहिचान गर्ने कार्यक्रम अन्तर्गत पहिलो चरणमा २०७५ आश्विन ८ देखि १२ सम्म Norwegian Scooping Mission र अर्थ मन्त्रालय तथा आन्तरिक राजस्व विभागका पदाधिकारीहरुसँग छलफल भएको थियो भने दोश्रो चरणमा २०७५ चैत्र ११ देखि १३ सम्म नर्वे सरकारका टोली र आन्तरिक राजस्व विभागका पदाधिकारीहरु बिच प्राविधिक सहायताका लागि अत्यावश्यक रहेका क्षेत्रहरुमा कार्यक्रम संचालन गर्दै लगिने विषयमा विस्तृत रुपमा थप छलफल गरिएको थियो ।

मुलुकको आर्थिक सम्बृद्धिको दिगो श्रोतका रुपमा रहेको आन्तरिक राजस्व परिचालनलाई अझ प्रभावकारी बनाउन तथा कर प्रणालीमा आएका नविनतम मुद्दाहरुलाई सम्बोधन गर्न आन्तरिक राजस्व प्रशासनमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गराउनु पर्ने आवश्यकता अनुरुप क्षमता अभिवृद्धिका कार्यक्रमहरुलाई प्राथमिकतामा राखि कार्यक्रम सञ्चालन गरिनु पर्नेमा दुवै पक्षले जोड दिएका थिए ।

## मोबाइलको रिचार्ज कार्ड विक्री सम्बन्धी सूचना

मोबाइलको रिचार्ज कार्डको कारोवार गर्नेले अनिवार्य रुपमा स्थायी लेखा नम्वर लिएर कारोवार गर्नुपर्ने र कर लाग्ने वस्तुको हकमा वार्षिक पचास लाख भन्दा बढीको र सेवाको हकमा वार्षिक वीस लाख भन्दा बढीको कारोवार गर्नेले मूल्य अभिवृद्धि कर समेतमा दर्ता भएर कारोवार गर्नुपर्ने कानूनी व्यवस्था भएको अवस्थामा आफू अन्तर्गतका डिलर/सवडिलरले रिचार्ज कार्ड विक्री गर्दा स्थायी लेखा नम्वर भएका करदातालाई अन्तिम उपभोक्ता मूल्य (MRP) उल्लेख गरी मू.अ.कर ऐन, २०५२ को दफा (१२) को उपदफा (३) बमोजिम दिने डिस्काउण्ट घटाएर मू.अ.कर ऐन, २०५२ को दफा ५ को उपदफा (२) वमोजिम कायम हुने कर लाग्ने मूल्यमा मू.अ.कर बीजक जारी गरी गर्न र डिलर/सवडिलरले स्थायी लेखा नम्वर नभएका खरिदकर्तालाई विक्री गरेको अवस्थामा भने कर विजक जारी गर्दा तोकिएको उपभोक्ता मूल्य कायम हुने गरी गर्न मू.अ.कर ऐन, २०५२ को दफा १४ को उपदफा (६) बमोजिम तोकिएको छ ।साथै आफू अन्तर्गतका डिलर/सवडिलरसँग सम्झौता गर्दा वा कारोवार गर्दा सोही अनुसार गर्ने/गराउने र यस्तो कर बीजकमा दिएको छुट रकममा अग्रिम कर कट्टी गर्नु नपर्ने व्यहोरा जानकारीको लागि मिति २०७५।११।१४ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ ।

# वार्षिक बजेट तर्जुमा सम्बन्धी तालिम सम्पन्न




आगामी आर्थिक वर्ष २०७६/७७ का लागि आन्तरिक राजस्व विभाग र मातहतका कार्यालयहरुको बजेट तर्जुमा गर्ने सन्दर्भमा वार्षिक बजेट तर्जुमा सम्बन्धी तालिम संचालन गरिएको छ । विभाग अन्तर्गतका कार्यालयहरुमा कार्यरत लेखा प्रमुखहरुलाई लक्षित गरी संचालन गरिएको उक्त तालिम कार्यक्रम जनकपुर, नेपालगञ्ज र काठमाडौंमा गरी तीन चरणमा सञ्चालन गरिएको थियो ।

चैत्र २१ र २२ गते जनकपुरमा पूर्वी भेगका २२ वटा कार्यालयहरु, चैत्र २४ र २५ गते नेपालगञ्जमा पश्चिम भेगका १३ वटा कार्यालयहरु तथा चैत्र २८ र २९ गते काठमाडौंमा, उपत्यका लगायत मध्य भागका विभिन्न २४ वटा कार्यालयहरुको सहभागितामा सञ्चालन गरिएको उक्त तालिम कार्यक्रम मूलत: बजेट निर्माणमा केन्द्रित रहेको थियो ।

# आन्तरिक राजस्व विभाग र मदिराजन्य तथा सूर्तिजन्य पदार्थका उत्पादकहरुबीच अन्तरक्रिया

आन्तरिक राजस्व विभाग र मदिराजन्य तथा सूर्तिजन्य वस्तु उत्पादन गर्ने प्रतिष्ठानका पदाधिकारीहरुबीच व्यावसायिक उत्पादन अनुमति, ट्रेडमार्क लगायत अन्य समसामयिक विषयमा छलफल तथा अन्तक्रिया सम्पन्न भएको छ । २०७५ चैत्र २९गते शुक्रबारका दिन विभागका महानिर्देशक विष्णुप्रसाद नेपालको उपस्थितीमा सम्पन्न भएको उक्त छलफलमा पेटेन्ट, डिजाईन र ट्रेडमार्क ऐन, २०२२ (संशोधन सहित) बमोजिम औद्योगिक सम्पत्ति बुलेटिनमा प्रकाशनार्थ आन्तरिक राजस्व विभागबाट व्यवसायिक उत्पादन अनुमति लिई उत्पादन गरिरहेका मदिराजन्य तथा सूर्तिजन्य पदार्थको ट्रेडमार्कर ब्राण्डको विवरण विभागलाई उपलब्ध गराउने विषय प्रमुख रहेको थियो । प्रतिलिपि अधिकारको संरक्षण तथा उत्पादित वस्तुहरुको ट्रेडमार्कको सुरक्षाका लागि यस्तो विवरण संकलन गरी औद्योगिक सम्पत्ति बुलेटिनमा प्रकाशन गरिने जसबाट नक्कली उत्पादनहरु निरुत्साहित हुने उद्देश्य राखिएको छ ।

उक्त कार्यक्रममा सम्बन्धित वस्तुगत संघ-संस्था र विभाग मातहतका कार्यालयले सो सम्बन्धी विवरण संकलन गरी २०७६ वैशाख ७ गते भित्र विभागलाई उपलब्ध गराउने निर्णय गरिनुका साथै उत्पादक व्यावसायीहरुलाई समयमै सूसुचित गराई सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट प्रमाणित गराई पेश गर्ने वातावरण बनाउने तर्फ जोड दिने निर्णय गरिएको थियो ।

# अधिकृतहरुका लागि अभिमुखिकरण सहित सूचना प्रविधि तालिम सम्पन्न



राजस्व प्रशासनमा नव प्रवेशी अधिकृतहरुलाई सूचना प्रविधि, करदाता सेवा तथा संकलन सम्बन्धी आधारभूत तालिम सम्पन्न भएको छ । राजस्व प्रशासनमा आर्थिक वर्ष २०७५।७६ मा प्रवेश भई सेवा प्रवेश तालिम समेत समाप्त गरी यस विभाग वा अन्तर्गत २२ जना अधिकृत कर्मचारीहरु पदस्थापनाका लागि सिफारिश भएका थिए । आन्तरिक राजस्व प्रशासनमा सम्पादन गर्नुपर्ने कार्यहरु विशिष्ट प्रकृतिका र सूचना प्रविधिमैत्री हुने भएकाले यस समूहमा प्रवेश गरेका नयाँ जनशक्तिलाई पदस्थापन गर्नुपूर्व सूचना प्रविधि प्रणाली, करदाता सेवा तथा संकलन सम्बन्धी आधारभूत तालिम प्रदान गरी कार्यस्थलमा पठाउनु आवश्यक ठानी सो तालिमको आयोजना गरिएको हो ।

२०७५ साल चैत्र २४ देखि २६ गते ३ दिन सम्म सञ्चालित उक्त तालिममा विशेषगरी राजस्व प्रशासनमा प्रयुक्त सूचना प्रविधि प्रणाली र यसको संचालन प्रक्रिया तथा आन्तरिक राजस्व कार्यालयहरुले सम्पादन गर्नुपर्ने करदाता सेवा तथा संकलन सम्बन्धी विषयमा सैद्धान्तिक तथा प्रयोगात्मक विधिबाट प्रशिक्षण गरिएको थियो । कार्यक्रममा महानिर्देशक विष्णुप्रसाद नेपालले सहभागीहरुलाई उच्च मनोबलका साथ कार्यक्षेत्रमा गई आ-आफ्नो जिम्मेवारी निर्वाह गर्न निर्देशन दिनुभयो । त्यसैगरी उपमहानिर्देशक झलकराम अधिकारीले विभागको समग्र सोंच, लक्ष्य तथा सदाचारितामा ध्यान दिँदै तालिममा सिकेका सीप तथा ज्ञानलाई कार्यसम्पादनका क्रममा लागू गर्न आग्रह गर्नुभयो ।

नेपाल सरकार
अर्थ मन्त्रालय
**आन्तरिक राजस्व विभाग**
लाजिम्पाट, काठमाडौंको

**मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिहरूले आफ्नो कारोवार स्थलमा मूल्य अभिवृद्धि कर सहितको प्राइस ट्याग उल्लेख गर्ने सम्बन्धी सूचना ।**

मूल्य अभिवृद्धि कर नियमावली, (संशोधन सहित) २०५३ को नियम १४ (ख) मा मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिले आफ्नो औद्योगिक प्रदर्शनी कक्ष, बिक्री कक्ष, होटल, रेष्टुरेन्ट, बार, कारोवार स्थल वा आपूर्ति गर्ने स्थानमा राखिएको कर लाग्ने वस्तु वा सेवाको बिक्री मूल्य (ट्याग, प्राईस, मेनु प्राइस र सेल्फप्राइस) मा मूल्य अभिवृद्धि कर सहितको मूल्य उल्लेख गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोले सोही अनुसार गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

# आन्तरिक राजस्व कार्यालय, बागलुङ



### १. कार्यालयको स्थापना, कार्यक्षेत्र तथा भौतिक अवस्था

राजस्व संकलनको लागत घटाउन र करदाताहरुलाई सहज तरिकाले सेवा प्रदान गर्ने उद्देश्यका साथ मिति २०६९/०१/१० मा आन्तरिक राजस्व कार्यालय पोखराको मातहत बागलुङ जिल्ला कार्यक्षेत्र रहने गरी करदाता सेवा कार्यालय बागलुङको स्थापना भएकोमा आन्तरिक कर परिचालनलाई प्रभावकारी बनाउन तथा राजस्व जोखिमका क्षेत्रहरुको पहिचान गरि ती क्षेत्रहरु उपर कारवाहीको दायरामा ल्याउने र राजस्व कार्यालयहरुको कार्यक्षेत्र हेरफेर गर्ने गरी नेपाल सरकारको मिति २०७५/०४/१८ को निर्णयानुसार आन्तरिक राजस्व कार्यालयमा रुपान्तरण भएको हो ।

साविक धौलागिरी अञ्चलका बागलुङ, पर्वत, म्याग्दी र मुस्ताङ गरी चार जिल्ला यस कार्यालयको कार्यक्षेत्र रहेको छ । बागलुङ जिल्ला स्थित करदातालाई अन्त:शुल्क प्रशासन सम्बन्धी सेवा समेत यस कार्यालयबाटै प्रदान गरिदै आएको छ । बाकी ३ जिल्ला हरुको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट अन्त: शुल्क सम्बन्धी प्रशासन गर्ने गरिन्छ ।

बागलुङ जिल्ला बागलुङ नगपालिका वार्ड नं. ३ मा रहेको साविक डिभिजन सहकारी कार्यालय बागलुङको नाममा रहेको कित्ता नं. ५१९, १३८९, १४४६, १४५०, १४५५ र १४५७ को १-१२-२-२ क्षेत्रफल भएको जग्गा तथा त्यसमा निर्मित ११ कोठाको २ तले भवन मिति २०७५/०४/२४ को जिल्ला समन्वय समितिको कार्यालय बागलुङ निर्णयानुसार यस कार्यालयको लागि उपलब्ध गराइएको । कार्यालयको ले आउट पून: संरचना गरी तत्कालको लागि सेवा प्रवाहको व्यवस्था मिलाइएको छ । कार्यालयमा हाल प्रमुख कर अधिकृत रा.प. द्वितीय श्रेणीको १ जना र कर अधिकृत रा.प. तृतीय श्रेणीको ४ जना सहित कूल १७ जनाको दरबन्दी रहेकोमा हाल १४ जना कर्मचारीको पदपूर्ति भएको छ ।

### २. करदाता सम्बन्धी विवरण:

२०७५ चैत्र मसान्तसम्ममा करदाताको सङ्ख्या निम्न बमोजिम रहेको छ ।

| विवरण | व्यावसायिक | व्यक्तिगत | जम्मा |
|---|---|---|---|
| अन्त:शुल्क | २२ | १०४५ | १०६७ |
| आयकर | २१५४ | १३२०८ | १५३६२ |
| मू.अ.कर | ४१४ | ११३३ | १५४७ |
| व्यक्तिगत प्यान | ० | ० | ६०२७ |
| जम्मा | २५९० | १५३८६ | २४००३ |

- चालु आ.व.को प्रथम नौ महिनामा मात्र १६२४ करदाताहरु करको दायरामा आई करको दायरा फराकिलो बन्दै गई रहेको छ ।

- यस कार्यालयको कार्यक्षेत्रमा रहेको जम्मा जनसङ्ख्या ५२९७८४ को अनुपातमा यस कार्यालयमा दर्ता रहेका करदाताको सङ्ख्या ४.५३ प्रतिशत रहेको छ ।

### ३. कार्यालयको सेवा प्रवाहको अवस्थाः

कार्यालयले सेवा प्रवाहमा अपनाएको कार्यनीति यस प्रकार रहेको छ ।

- करदाता दर्ता, आय विवरण तथा मू.अ.कर विवरण पेश गर्ने कार्य शत प्रतिशत अनलाइन प्रणाली मार्फत गरिएको । जसको लागि डे०१ विवरण तथा करदाता दर्ता कार्यालयबाटै गरिदै आएको र मू.अ.कर विवरण तथा डे०३ विवरण करदाता स्वयमबाट अनलाइन प्रणालीमा प्रविष्टी गरी रुजू गर्ने व्यवस्था गरिएको ।
- करको दायरा विस्तारका लागि नियमित रुपमा बजार अनुगमन गरिएको तथा करदाताहरुलाई कर सम्बन्धी जानकारी दिने उद्देश्यले निजी क्षेत्रका पेशागत संघ सस्था तथा स्थानीय तहहरुसंगको समन्वयमा करदाता शिक्षा, अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिदै आएको ।
- करदाताहरुका फाइलहरु लाई सफ्टवेयर प्रणालीमा प्रविष्टी गरी व्यवस्थित गरिएको ।
- कर चुक्ता प्रमाण पत्र अनलाइन मार्फत जारी गरिएको ।
- बेरुजू फर्छ्यौटको कार्यलाई तदारुकताका साथ अगाडी बढाइएको ।
- बक्यौता राख्ने करदाताहरुको पहिचान गरी पत्राचार, फोन मार्फत सम्पर्क गरी तथा संकलन भ्रमण गरी बक्यौता दाखिला गर्नको लागि जानकारी गराइएकोमा बक्यौता राख्ने करदाताहरुले निरन्तर बक्यौता दाखिला गर्दै आइरहेका छन । तथापी बक्यौता दाखिला गर्न अटेर गर्ने करदाताहरुलाई कानूनी कारवाहीको लागि राष्ट्रिय स्तरको पत्रिकामा सार्वजनिक सूचना जारी गरिएको ।
- रु. दश हजार भन्दा कमको रकम नगदै कार्यालयको काउण्टर मार्फत बुझ्ने व्यवस्था गरिएको ।
- CCTV जडान गरी कार्यालयको सुरक्षा वातावरण र आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइएको ।

### ४. कार्यालयको राजस्व संकलनको अवस्था :

कार्यालयलाई आ.व.२०७५/०७६ को लागि तोकिएको शिर्षकगत लक्ष्य र सो को असूलीको अवस्था तपसिल अनुसार रहेको छ। चैत्र मसान्त सम्म कार्यालयको राजस्व असूलीको अवस्था उत्साहजनक रहेको छ ।

(रु.हजारमा)

| | | प्रगति | |
|---|---|---|---|
| शिर्षक | लक्ष्य | रकम | प्रतिशत |
| आयकर | १८६६९६ | २४८१२३ | १३२.९ |
| बहाल कर | | १२३०६ | ० |
| व्याज कर | ३८२८१ | ५१०२५ | १३३.२९ |
| मू.अ.कर | १०३३५४ | १०८१०७ | १०४.६ |
| अन्त:शुल्क | ४२२ | ८८३१ | २०९.१६ |
| स्वास्थ्य सेवा कर | | ३१५ | ० |
| शिक्षा सेवा शुल्क | | १७८५ | ० |
| **जम्मा** | **३३२५५३** | **४३०४९२** | **१२९.४५** |

### ५. अन्य :

#### कार्य सम्पादनका क्रममा देखिएका समस्याहरुः

- ✓ दरबन्दी अनुसार कर्मचारीको पदपुर्ति नहुदा मौजुदा कर्मचारीहरु सेवा प्रवाहमा मात्र तल्लिन हुनुपर्ने भइ तोकिएका शाखागत परिसूचकहरुको लक्ष्य प्राप्तिमा कठिनाई उत्पन्न भएको ।
- ✓ पुरानो संरचनाको भवन भई पर्याप्त कोठाहरु नहुँदा कार्यालय विन्यास उपयुक्त हुन नसकेको ।
- ✓ कार्यालय परिसरमा राजस्व बुझ्ने बैंक नहुदाँ सेवाग्राहीलाई समस्या उत्पन्न भएको साथै कार्यालयलाई कर्मचारी तथा नगद व्यवस्थापनमा समस्या भएको ।

#### आगामी कार्ययोजनाहरु :

- ✓ हेल्प डेक्सको निर्माण गरी कार्यक्षेत्र अन्तरगतका उद्योग वाणिज्य संघहरुको सहकार्यमा दर्ता सम्बन्धी कार्यहरु तथा साना करदाताहरुको विवरण समेत अनलाइन इन्ट्रीको लागि व्यवस्था गरिने ।
- ✓ राजस्व संकलनको लागि कार्यालय परिसरमा बैंक काउण्टरको स्थापना गरिने ।
- ✓ ठूला १०० करदाताको व्यक्तिगत प्रोफाइल तयार गर्ने कार्य योजना रहेको ।
- ✓ बक्यौता राख्ने करदाताहरु उपर कानुनी कार्यवाही प्रक्रिया अगाडी बढाउने ।
- ✓ बेरुजु शून्य बनाउने गरी सक्रियताका साथ फर्छ्यौट गराइएको ।
- ✓ जे.भी.को बक्यौता असूलको लागि साझेदारहरुको विवरण लिई उनिहरुलाई जिम्मेवार बनाउने गरी कार्य भएको ।
- ✓ निरन्तर बजार अनुगमन गरी कर सहभागीतामा जोड दिने ।
- ✓ राजस्व जोखिमका क्षेत्रहरु पहिचान गरी प्रर्दशनीय कारवाही गरिने योजना रहेको ।
- ✓ विभिन्न क्षेत्रबाट सूचना प्राप्त गरी करदाताको कारोबार एकिन गरी अनुसन्धनात्मक कर परीक्षण गर्ने ।
- ✓ कार्यालयको सेवा प्रवाहमा सहजता ल्याउन आगामी आर्थिक वर्षमा सेवा प्रवाह मैत्री भवन बनाउने लक्ष्य रहेको ।

# नयाँ राजस्व संकेतहरु

| राजस्व आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा आधार शीर्षक | व्याख्या | साविकको राजस्व संकेत | आ.व. २०७५।७६ बाट लागू हुने नयाँ राजस्व संकेत |
|---|---|---|---|
| एकलौटी फर्म तथा व्यक्तिगत आयमा | एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर यसमा पर्दछ । | ११११ | ११११ |
| पारिश्रमिक कर | कुनै प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको तलव, ज्याला, | १११२ | १११२ |
| पूँजीगत लाभकर | घर, जग्गा, शेयर आदि सम्पत्तिको बिक्री, पट्टा, हक हस्तान्तरण लगायत विभिन्न किसिमका निःसर्गबाट भएको पुँजीगत लाभमा व्यक्ति तथा एकलौटी फर्मलाई लाग्ने कर यसमा पर्दछ । | १११३ | १११३ |
| निकायको मुनाफामा लाग्ने कर- सरकारी संस्थान | सरकारको पूर्ण वा अधिकांश (५० प्रतिशत भन्दा बढी)स्वामित्व भएका सरकारी निकाय तथा त्यस्ता निकायको व्यवस्थापकीय नियन्त्रण भएको निकायको आयमा लाग्ने कर यसमापर्दछ । | ११२१ | ११२१ |
| निकायको मुनाफामा लाग्ने कर- पब्लिक लिमिटेड कम्पनी | कुनै विशेष ऐन वा कम्पनी ऐन अन्तर्गत दर्ता भएका पब्लिक लिमिटेड कम्पनी र सरकारको ५० प्रतिशत भन्दा कम स्वामित्व भएका कम्पनीको आयमा लाग्ने कर यसमा पर्दछ । | ११२२ | ११२२ |
| निकायको मुनाफामा लाग्ने कर-प्राइभेट लिमिटेड कम्पनी | कम्पनी ऐन अन्तर्गत दर्ता भएका प्राइभेट लिमिटेड कम्पनी तथा आयकर ऐन बमोजिम तोकिएको कम्पनीको आयमा लाग्ने | ११२३ | ११२३ |
| निकायको मुनाफामा लाग्ने कर- अन्य संस्था | माथि उल्लिखित उपशीर्षक ११२१ देखि ११२३ भित्र परेका बाहेक अन्य संस्थाहरुः- साझेदारी फर्म, सहकारी संस्था, ट्रष्ट, युनिट ट्रष्ट, संघ/संस्था, विदेशी कम्पनी एवं अन्य निकायको | ११२४ | ११२४ |
| पुँजीगत लाभकर- निकाय | घर, जग्गा, शेयर आदि सम्पत्तिको बिक्री, पट्टा, हक हस्तान्तरण लगायत विभिन्न किसिमका निःसर्गबाट भएको पुँजीगत लाभमा | ११२५ | ११२५ |
| सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | घर, जग्गा, सवारी साधन तथा अन्य अचल सम्पत्ती बहाल वा पट्टा वा दीर्घकालीन करारमा दिए वापतको आयमा लाग्ने कर | ११३१ | ११३१ |
| ब्याजमा लाग्ने कर | बैंक, वित्त कम्पनी वा अन्य निकाय वा व्यक्तिबाट भुक्तानी गरिने वा प्राप्त हुने ब्याजमा लाग्ने कर यसमा पर्दछ । | ११३२ | ११३२ |
| लाभांशमा लाग्ने कर | कुनै पनि कम्पनी वा निकायमा लगानी गरे वापत् प्राप्त हुने लाभांशमा लाग्ने कर यसमा पर्दछ । | ११३३ | ११३३ |
| लगानीसम्बन्धी अन्य आयमा लाग्ने कर | लगानी सम्बन्धी अन्य आयमा लाग्ने कर यसमा पर्दछ । | ११३४ | ११३४ |
| आकस्मिक लाभकर | जुवा, चिठ्ठा, बाजी, उपहार, दान, अपुताली, सुराकी, पुरस्कार लगायतका आकस्मिक लाभका स्रोतबाट प्राप्त आयमा लाग्ने | ११३५ | ११३५ |
| अन्य आयमा लाग्ने कर | माथि उल्लिखित शीर्षक नं. हरूमा नपरेका अन्य आयमा लाग्ने | ११३६ | ११३९ |
| पारिश्रमिकमा आधारित सामाजिक सुरक्षा कर | कुनै प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको तलव, ज्याला, मजदुरी, पारिश्रमिक, भत्ता एवं सुविधा, अवकाश भुक्तानी, रोजगारीका सम्बन्धमा गरिएका अन्य भुक्तानी, अध्ययन, अध्यापन आदि विभिन्न स्रोतबाट हुने समग्र आयमा एकमुष्ट | १२११ | १२११ |
| बाँडफाँड हुने बाहेक अन्य स्रोतबाट प्राप्त हुने मू.अ.कर | सरकारका तहहरूबीच बाँडफाँड हुने गरी तोकिएका शीर्षक बाहेक बाँडफाँड नहुने गरी अन्य कुनै शीर्षकमा कानुन बमोजिम लगाईने मू.अ.कर वापतको रकम यसमा पर्दछ । | - | १४१२ |
| स्वास्थ्य सेवा कर | सरकार तथा सामुदायिक अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवा बाहेक अन्य स्वास्थ्य संस्थाले प्रदान गर्ने स्वास्थ्य सेवामा | १४४२ | १४४२ |

| | | | |
|---|---|---|---|
| शिक्षा सेवा शुल्क- शैक्षिक संस्था | निजी शैक्षिक संस्थाहरूले प्रदान गर्ने तोकिएका शैक्षिक सेवाहरूमा लाग्ने शिक्षा सेवाशुल्क यसमा पर्दछ । | ११४४३ | ११४४३ |
| शिक्षा सेवा शुल्क- वैदेशिक अध्ययन | विदेशमा अध्ययन गर्न जाने विद्यार्थीहरुले बुझाउनु पर्ने शिक्षण शुल्कमा लाग्ने सेवाशुल्क वापत्को रकम यसमा पर्दछ । | ११४४४ | ११४४४ |
| मू.अ.क.-उत्पादन संकलन | उत्पादन कर्ताले वस्तु उत्पादन गरी बिक्री गर्दा लाग्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ । | ११४११ | ३३१११ |
| मू.अ.क.-आयात | आयातकर्ताले मालसामान पैठारी गर्दा भन्सार विन्दुमै तिर्नुपर्ने मूल्य अभिवृद्धि कर यसमापर्दछ । | ११४१२ | ३३११२ |
| मू.अ.क.-वस्तु बिक्री र वितरण संकलन | थोक तथा खुद्रा बिक्रेताबाट मूल्य अभिवृद्धि कर वापत् तिर्नु | ११४१३ | ३३११३ |
| मू.अ.क.-परामर्श तथा ठेक्का संकलन | सबै प्रकारका ठेक्का व्यावसाय तथा परामर्श सेवामा लाग्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ । मूल्य अभिवृद्धि कर लागु हुनु अगाडि असुल हुन बाँकी रहेका ठेक्का कर असुल भएमा यसैमा | ११४१४ | ३३११४ |
| मू.अ.क.-पर्यटन सेवा संकलन | पर्यटन व्यवसायसँग सम्बन्धित होटल, ट्राभल एजेन्सी, पदयात्रा (ट्रेकिङ), जलयात्रा (र्‍याफ्टिङ) समेतका व्यवसायमा लाग्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ । मूल्य अभिवृद्धि कर लागु हुनु अगाडि असुल हुन बाँकी रहेका होटल कर असुल भएमा यसैमा | ११४१५ | ३३११५ |
| मू.अ.क.-संचार सेवा, विमा, हवाई उडान र अन्य सेवा संकलन | सबै प्रकारका सञ्चार सेवा (सरकारी हुलाक सेवा बाहेक), बीमा र तोकिएका अन्य सेवाको बिक्रीमा लगाइने मूल्य अभिवृद्धि कर र हवाई उडान कर वापत्को रकम यसमा पर्दछ । मूल्य अभिवृद्धि कर लागु हुनु अगाडि असुल हुन बाँकी रहेका | ११४१६ | ३३११६ |
| मू.अ.क.-बेदर्तावालाबाट गर्ने संकलन | नेपाल बाहिरको दर्ता नभएको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्दा उठाउनु पर्ने मूल्य अभिवृद्धि कर, काठ बिक्रीमा लगाइने मूल्य अभिवृद्धि कर, स्थानीय तह वा नेपाल स्थित अन्तर्राष्ट्रिय संघ संस्था वा नियोग वा सरकार वा मूल्य अभिवृद्धि कर नलाग्ने वस्तुको कारोवार गर्ने सार्वजनिक संस्थानले सङ्कलन/दाखिला | ११४१७ | ३३११७ |
| **बाँडफाँड हुने अन्तःशुल्क** | **विभिन्न प्रकारका मालवस्तु उत्पादन गर्दा लाग्ने अन्तःशुल्क यसमा पर्दछ । यसमा रकम जम्मा गर्न मिल्दैन ।** | **११४२०** | **३३१३०** |
| सुर्तिजन्य पदार्थ- संकलन | सबै प्रकारका सुर्तीजन्य पदार्थको उत्पादनमा लाग्ने अन्तःशुल्क, उत्पादन र बिक्रीइजाजत दस्तुर र नवीकरण दस्तुर यसमा पर्दछ । | ११४२१ | ३३१३१ |
| मदिरा- संकलन | मदिरा (वाईन र हल्का पेय पदार्थ समेत)मा लाग्ने अन्तःशुल्क रकम, उत्पादन र बिक्री इजाजत दस्तुर र नवीकरण दस्तुर | ११४२२ | ३३१३२ |
| बियर- संकलन | वियरमा लाग्ने अन्तःशुल्क रकम, उत्पादन र बिक्री इजाजत दस्तुर र नवीकरण दस्तुर यसमा पर्दछ । | ११४२३ | ३३१३३ |
| अन्य औद्योगिक उत्पादन- संकलन | माथि उल्लिखित उपशीर्षक ११४२१, ११४२२ र ११४२३ मा परेको बाहेक अन्य औद्योगिक उत्पादनमा लाग्ने अन्तःशुल्क, उत्पादन र बिक्री इजाजत दस्तुर र नवीकरण दस्तुर यसमा पर्दछ । | ११४२४ | ३३१३४ |


**प्रकाशक**
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

**संरक्षक**
विष्णुप्रसाद नेपाल

**सल्लाहकार**
झलकराम अधिकारी
यज्ञ प्रसाद ढुङ्गेल
प्रेमशरण श्रेष्ठ

**सम्पादन समूह**
सम्झना बराल ढकाल
सुनिल कुमार यादव
काशिनाथ भट्टराई
राजु प्रसाद प्याकुरेल
रेणुका पोखरेल




कर सम्बन्धी जानकारी टोल फ्रि नम्बर १६६००१४०००० बाट प्राप्त गरौं ।